# संयुक्त राष्ट्र संघ र नेपाल सरकार

## विश्वसम्पदा स्थल बुद्ध जन्मभूमि लुम्बिनीको संरक्षण गर्नुस् ।

नगरविकास - नयाँ विश्व शान्ति शहर योजना

बुद्धजन्मभूमि र यसको विश्वसम्पदा स्थितिमा धम्की

- पुरातत्वले धनी र पवित्रस्थल बुद्धजन्मभूमि लुम्बिनी नेपालको दक्षिणीभागमा अवस्थित छ । यो बौद्धधर्मावलम्वीहरूको लागि अति महत्वपूर्ण चार पवित्र तीर्थस्थलहरूमध्ये एक हो । जुन कुरालाई बुद्ध स्वयंले महापरिनिर्वाणसुत्रमा उल्लेख गरिराख्नुभएको छ ।
- यस्तो अति महत्वपूर्ण स्थानमा शताब्दीऔंदेखि लिएर बुद्धशासनमा समर्पित व्यक्तिहरू आइराखेकाछन् र अहिलेसम्म पनि त्यो क्रम जारी छ । यहाँ उनीहरूले बुद्धको जन्मस्थानको दर्शन गर्छन्, जुन स्थानमा पुरानो समयदेखि बौद्धतीर्थस्थलको रूपमा रहिआएको कुराहरू दर्शाउने महत्वपूर्ण पुरातात्विक प्रमाणहरू भेटिएकाछन् ।
- जापानी आर्किटेक्ट केन्जो तान्गेले बनाउनु भएको लुम्बिनी विकास गुरुयोजनाले लुम्बिनीलाई एक पवित्र तीर्थस्थलको रूपमा जोड दिइराखेको छ । सन् १९७८ मा संयुक्त राष्ट्र संघ र नेपाल सरकारले यसलाई अनुमोदन गरेको थियो । यस गुरुयोजनामा लुम्बिनीको स्थिरता र शान्ति सुरक्षालाई टेवा पुग्ने गरीकन २२ वर्ग किलोमिटरको क्षेत्र समावेश गरिराखेको छ ।
- सन् १९९७ मा लुम्बिनीको अतुलनीय महत्वतालाई कदर गरेर युनेस्कोले यसलाई विश्वसम्पदा स्थल घोषणा गरेको थियो ।

## अहिले के भइराखेको छ ?

- सन् २०१२, जनवरी २० तारिखमा नेपाल सरकार र दक्षिण कोरिया सरकारले लुम्बिनी विश्व शान्ति शहर संरक्षण र प्रवर्द्धनको योजना सम्बन्धि समझदारीपत्रमा हस्ताक्षर गरेको छ । KWAAK E.S.P.R.I र कोरिया अन्तराष्ट्रिय सहयोग नियोगले डेढवर्षभित्र यो नयाँ योजनाको नमुना तयार पार्नेछ ।

- ❖ दुई लाख वासिन्दाहरूको लागि लुम्बिनीको निर्धारित क्षेत्रभित्र यो विश्व शान्ति शहर बनाइनेछ ।
- ❖ युनेस्कोको विश्व सम्पदा केन्द्रलाई जानकारी नदिइकन नै यो सम्झौतापत्रमा हस्ताक्षर भएको थियो ।

## विश्व शान्ति शहर बन्यो भने यसका परिणामहरू के हुनेछन् त ?

- ❖ विश्व सम्पदा क्षेत्रको विशिष्ट विश्वव्यापी मूल्यमा नकारात्मक प्रभाव पर्ने, विशेष गरिकन यसको चिनारी, सत्यता र सम्पन्नतामा नकारात्मक प्रभाव पर्ने । विश्व सम्पदा सूचीलाई नै खतरा पुग्ने गरिकन लुम्बिनीलाई युनेस्कोको जोखिमयुक्त सूचीमा राख्न सक्ने ।
- ❖ प्रदुषित हावा, पानी र होहल्लाको वृद्धिले लुम्बिनीलाई असर पर्ने ।
- ❖ मानव अतिक्रमण र बातावरण प्रणालीमा शहरीकरणको प्रभावसँगै २२ वर्ग किलोमिटरको निषेधित र कृषियोग्य क्षेत्र हराएर जाने ।
- ❖ भविष्यमा लुम्बिनीको चिनारी बुद्ध जन्मभूमिको नामले भन्दापनि घनावस्तीको केन्द्र विश्व शान्ति शहरको रूपमा प्रचार हुन जोड पुग्ने । लुम्बिनीको पवित्रता र ऐतिहासिक गुणहरूको संरक्षणमा बेवास्ता भई लुम्बिनी विकासका श्रोतसाधनहरू सबै शहर विकास र यसका पूर्वाधारहरूको मर्मतसम्भारमा जानेछ ।

लुम्बिनी विश्व शान्ति शहर योजनालाई रद्द गरी केन्जो तान्गेको गुरुयोजनालाई नै समर्थन जारी गर्नको लागि संयुक्त राष्ट्र संघका महासचिव श्री बान् की मून् र नेपाल सरकारप्रति हामी कडाइका साथ आग्रह गर्दछौं । भविष्यका नयाँ पुस्ताहरूका लागि यो लुम्बिनी विश्व सम्पदालाई जोगाइराख्नै पर्छ ।

इन्टरनेट विन्तीपत्रको लागि www.save-buddhist-heritage.org वा www.savebh.org मा लिङ्क पाउनसक्नु हुनेछ ।

कृपया हस्ताक्षर गर्नुहोस् । धन्यवाद ।

नाम

थर

ईमेल

शहर

तपाईंको लागि यो किन महत्वपूर्ण छ ? (ऐच्छिक)

हस्ताक्षर

change.org मा मेरो हस्ताक्षर देखाउनु होस् ।

यो अभियान र अरू कुराहरूको मलाई अवगत गराइराख्नुहोस् ।

हस्ताक्षर गरेर तपाईंले change.org को नीति नियम र गोपनीयतालाई स्वीकार गर्नुभएको छ ।